# बैठक संख्या : १०

स्थान :गाउँपालिकाको कार्यालय, गल्छी-६ बैरेनी

मितिः २०८२ वैशाख ९ मङ्गलबार

समय : विहान ११:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाको अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नलिखित विषयहरुमा छलफल र निर्णय गरियो ।

<u>उपस्थितिः</u>

१. अध्यक्ष श्री केदारनाथ खतिवडा

२. उपाध्यक्ष श्री भाईकाजी तिवारी

३. सदस्य श्री यदु कुमार खतिवडा

४. सदस्य श्री षडानन्द खनाल

५. सदस्य श्री राजन भुजेल

६. सदस्य श्री राजु अधिकारी

७. सदस्य श्री सरोज लामा तामाङ

८. सदस्य श्री दिपक कुमार कार्की

९. सदस्य श्री हरि प्रसाद खतिवडा

१०. सदस्य श्री विशाल लुङ्गेली मगर

११. सदस्य श्री भेप कुमारी खनाल

१२. सदस्य श्री तुलसी अधिकारी

१३. सदस्य श्री दिल माया तामाङ

१४. सदस्य श्री जानुका धिताल

१५. सदस्य श्री रमेश भुजेल

१६. सदस्य श्री सृजना घले

१७. सदस्य सचिव श्री नविन गङतान लामा - प्रमुख प्रशासकीय अधिकृत

<u>अन्य आमन्त्रित</u>

# बैठक संख्या: १०, मिति: २०८२ वैशाख ९
## निर्णयहरु

**प्रस्ताव नं. १ - अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
**निर्णय:** अघिल्लो बैठकमा भएका विविध निर्णयहरुमाथि आवश्यक समिक्षात्मक छलफल गरियो ।

**प्रस्ताव नं. २ - भूमि समस्या समाधान आयोग, जिल्ला समिति धादिङद्वारा निस्सा वितरण गरिएका जग्गाहरुको नापजाँच सम्बन्धी छलफल सम्बन्धमा।**
**निर्णय:** भूमि समस्या समाधान आयोग, जिल्ला समिति धादिङद्वारा निस्सा वितरण गरिएका जग्गाहरुको नापजाँच कार्य अगाडि बढाउने योजना सम्बन्धी छलफल गरियो। वडा नं १, २, ३, ५ र ८ बाट शुरुवात गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ - प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**
**निर्णय:** गल्छी - ६ मा निर्माण भइसकेको १५ शैयाको बैरेनी अस्पताललाई ट्रमा सेन्टरको रुपमा तथा राष्ट्रिय ट्रमा सेन्टरको शाखाको रुपमा स्तरउन्नती गरी सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई प्रस्ताव सहित स्तरउन्नतीको प्रकृया अघि बढाउन अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - वडा कार्यालय निर्माण सम्बन्धमा।**
**निर्णय:** वडा नं ४ मा रहेको श्री वागेश्वरी आधारभुत विद्यालय, अदुवाबारीलाई वडा नं ४ को प्रशासकीय भवन बनाउनका लागि प्राविधिकको लागत अनुमान बमोजिम घेराबार, मर्मत संभार तथा भवन जाने दुम्सिकोट देखि अदुवाबारी सडक ग्राभेल तथा नाला निर्माणका लागि रकम रु. ३३,००,०००। (अक्षरुपी तेत्तीस लाख मात्र) शिर्षक वडा नं ४ को वडा कार्यालय भवन निर्माणबाट भुक्तानी हुने गरि निर्णय गरियो।

**प्रस्ताव नं. ५ - कक्षा ५ र ८ को परिक्षाको नतिजा समिक्षा सम्बन्धमा।**
**निर्णय:** शैक्षिक सत्र २०८१ मा भएको कक्षा ५ र ८ को परिक्षाको नतिजा सम्बन्धी समिक्षा

**प्रस्ताव नं. ६ - बालमैत्री सहजकर्ताको विज्ञापन सम्बन्धमा।**
**निर्णय:** वडा नं ७ र ८ मा वडा बालमैत्री सहजकर्ता पद रिक्त रहेकोले उक्त वडा कार्यालयहरुका लागि वडा बालमैत्री सहजकर्ता करारमा विज्ञापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ - कृषि तथा शिक्षा सम्बन्धी वृहत छलफलको समिक्षा सम्बन्धमा।**
**निर्णय:** कृषि तथा शिक्षा सम्बन्धी भएको वृहत छलफलको समिक्षा गरियो।

**प्रस्ताव नं. ८ - पूर्ण घर क्षति सम्बन्धी राहत सम्बन्धमा ।**
**निर्णय:** २५०००

**प्रस्ताव नं. ९ - प्रधानाध्यापक नियुक्ती सम्बन्धी कार्यविधिको अध्ययन सम्बन्धमा। शिक्षक दरबन्दी मिलान सम्बन्धमा।**
**निर्णय:** प्रधानाध्यापक नियुक्ती सम्बन्धी कार्यविधिको अध्ययन र शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्य गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।
तपसिलः

प्र.प्र.अ. श्री नविन गङतान लामा - संयोजक

**<u>बैठक संख्या: १०, मिति: २०८२ वैशाख ९</u>**
**<u>निर्णयहरु</u>**

शिक्षा अधिकृत श्री धिरज बस्नेत - सदस्य
श्री नवराज खतिवडा - सदस्य

**प्रस्ताव नं.** १० **- श्री श्रेयान्स कन्स्ट्रक्सन प्रालि गल्छी १ मा बालुवा खानी सञ्चालनको लागि अनुमति पत्र दिने सम्बन्धमा।**
**निर्णय:** श्री श्रेयान्स कन्स्ट्रक्सन प्रालि गल्छी १ मा बालुवा खानी सञ्चालनको लागि प्राप्त निवेदन अनुसार प्रकृया पुरा गरि अनुमति पत्र प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.** ११ **- एम्बुलेन्स व्यवस्थापन समिति सम्बन्धमा।**
**निर्णय:** बैरेनी अस्पतालको एम्बुलेन्स व्यवस्थापन गर्न कार्यपालिका सदस्य श्री सृजना घलेज्यूको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।
तपसिलः

1. संयोजक श्री सृजना घले - कार्यपालिका सदस्य
2. सदस्य श्री जानुका धिताल - कार्यपालिका सदस्य
3. सदस्य श्री इन्द्र सिजापति - अ.हे.व.
4.

**प्रस्ताव नं.** १२ **- वडा नं ६ को कार्यालयको प्रशासकीय भवन निर्माण सम्बन्धमा।**
**निर्णय:** वडा नं ६ को कार्यालयको प्रशासकीय भवन निर्माण गर्ने प्रस्ताव सभामा पेश गर्ने निर्णय गरियो। साथै वडा नं ६ को कार्यालय र बैरेनी आयुर्वेद औषधालयको बैरेनी शाखा कार्यालय अमलेश्वर मन्दिरको प्राङ्गणमा रहेको भवनमा यथाशिघ्र सार्ने निर्णय गरियो।

**प्रस्ताव नं.** १३ **- गाउँपालिकाको प्रशासकीय भवनमा दैनिक सरसफाईका लागि कर्मचारी नियूक्ति सम्बन्धमा।**
**निर्णय:** गाउँपालिकाको प्रशासकीय भवनमा दैनिक सरसफाईका लागि दैनिक ज्यालादारीमा २ कर्मचारी नियूक्ति गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १४ वडा नं २ को जोखिमयुक्त ढुंगा फुटाउने सम्बन्धमा**
**निर्णय**ः वडा नं २ को केउरेनीटारभन्दा. माथि पहिरोको कारण जोखिमयुक्त रहेको ठूलो ढुंगा फुटाउनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।